चौतारी स्थापना व्याख्यान सन् २०१६

# नेपालको जैविक भूगोलको पुनरावलोकन



भूगोलको जैविक पक्षबाट हेर्दा नेपाल एशियाका छ ओटा प्रमुख जैविक प्रान्तको भेटघाट हुने साझा चौतारी हो। जीवप्राणी वा वनस्पतिको भौगोलिक क्षेत्र विस्तारको मार्ग प्रशस्त गर्ने चौबाटो पनि हो नेपाल। पर्वतीय धरातलले निर्माण गरेको विविध हावापानीका कटिबन्धको बाटो पहिल्याएर पश्चिममा भूमध्यसागरसम्मका जीवप्राणी र वनस्पति नेपाल आइपुगेका छन्। पूर्वतिर चीन-जापान जैविक प्रान्तका जीवप्राणी र वनस्पति नेपालको बाटो गरेर पश्चिमतिर फैलिने क्रम जारी छ। अर्कोतिर हिमालयको उच्चपर्वतीय धरातलले मध्य एशिया तथा दक्षिण एशियाका जैविक प्रान्तलाई छुट्ट्याउने काम गरेको छ। कतै तगारो त कतै विस्तारमार्गको भूमिका खेल्दाखेल्दै केही स्थानविशेषलाई भने अद्वितीय जीवक्षेत्रको रूपमा स्थापित गर्न सफल भएको छ हाम्रो पर्वतीय परिवेश। जैविक भूगोलको प्राकृतिक परिवेशलाई पछ्याएर नेपालीहरूले आफ्नो जीवन र जीविकोपार्जनको शैली बनाएका छन्। त्यसैसित जोडेर तिनले आफ्नो जातीय सांस्कृतिक भूगोलको पनि क्षेत्र निर्धारण गरेका छन्। नेपालीहरूको सांस्कृतिक विविधता त्यसकै प्रतिफल हो।

हिजोका दिनमा जैविक भूगोलले स्थापित गरेका ती तगारा र विस्तारमार्गले कोल्टो फेरेको अवस्था छ। कतिपय तगारा भत्किँदैछन् र कतिपय प्रसारणमार्ग तगाराका रूपमा रूपान्तरित छन्। सडक यातायात, शहरी विस्तार एवं जलविद्युत परियोजनाजस्ता विकास निर्माणका कृयाकलापले नेपालको जैविक भूगोल बदलिँदो छ। तिनका अतिरिक्त छिमेकी भूराजनीतिक चलखेलबाट पनि जैविक भूगोलमा ठूलो प्रभाव पर्दो छ। यसैबीच यो क्षेत्रले जलवायु परिवर्तनको प्रभावलाई पनि झेल्नुपरेको छ। यिनै परिप्रेक्ष्यमा अर्थसामाजिक र अर्थराजनीतिक गतिविधिले ल्याएको जैविक भूगोलको परिवर्तनका विविध पक्षबारे यो प्रवचनले सार्वजनिक बहस चलाउने जमर्को गर्नेछ।

## डा. तीर्थबहादुर श्रेष्ठ

नेपाल प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्य डा. तीर्थबहादुर श्रेष्ठ प्रख्यात वनस्पति र प्रकृति संरक्षणविद् हुन्। फ्रान्सको ग्रेनोब्ल्बाट उत्तर-पश्चिम नेपालको पर्यावरण र वनस्पति शीर्षकमा विद्यावारिधि गरेका डा. श्रेष्ठले दुर्लभ, सुलभ र लोपोन्मुख वनस्पतिका नमुना सङ्कलन गरेका छन् र तिनको नेपालव्यापी वितरणबारे अनुसन्धान गरेका छन्। डा. श्रेष्ठले विज्ञानलाई नेपालीमाझ सार्वजनिक चासो र बहसको विषय बनाउन *नेपालमा विज्ञानको विकास* (२०३९), *बाल विज्ञान* (२०४०) र *जैविक विविधता र परम्परागत ज्ञान* (२०६१) जस्ता पुस्तक आफैले र अरूसँग मिलेर लेखेका छन्। विज्ञानको ज्ञान नेपालीमा पस्केर नेपाली भाषाको सेवा गरेकोमा संवत् २०६३ को *जगदम्बाश्री* पुरस्कारद्वारा सम्मानित डा. श्रेष्ठका नेपालको जीव-भौगोलिक विविधता र महत्त्व खुलाउने *नेपाल : नखुलेका पाटाहरू* (सन् २००९) र *नेपाल-अध्ययन* (२०६९) पुस्तक पनि प्रकाशित छन्।

**बुधबार । ५ असोज २०७३ (२१ सेप्टेम्बर २०१६) । ४:००-५:३० बजे ।**
**यलमाया केन्द्र । पाटनढोका, ललितपुर ।**

अनौपचारिक छलफल समूहका रूपमा मार्टिन चौतारी अक्टोबर १९९१ मा स्थापना भएको हो। नेपालकै प्रमुख प्राज्ञिक र नीति अनुसन्धान केन्द्रको रूपमा चौतारी नयाँ र सान्दर्भिक ज्ञानको उत्पादन र वितरण, सुसूचित सार्वजनिक बहसको अवसरको सृजना र त्यस्ता गुणस्तरीय संवादसम्म आम नेपालीको पहुँच सुनिश्चित गर्न बितेका २५ वर्षदेखि अविच्छिन्न सकृय छ। चौतारीका प्रमुख पाँच गतिविधि — बहस/छलफल, अध्ययन/अनुसन्धान, अनुसन्धान प्रशिक्षण, प्रकाशन र पुस्तकालय सञ्चालन — तिनै उद्देश्य प्राप्तितर्फ केन्द्रित छन्।

चौतारी स्थापना व्याख्यान (चौतारी फाउण्डेशन लेक्चर) विभिन्न क्षेत्रमा क्रियाशील प्रबुद्धतम व्यक्तिहरूद्वारा दिइने वार्षिक प्रवचन हो जसले नेपालको वर्तमान र विगतलाई सिंहावलोकन गर्दै भविष्यबारे सोच्न र बहस गर्न अभिप्रेरित गर्छ।

मार्टिन चौतारी। २७ जीतजंग मार्ग, थापाथली, काठमाडौं। फोनः ०१-४२३८०५०/४१०२०२७ । www.martinchautari.org.np